बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
धुलिखेल, काभ्रेपलाञ्चोक

**'विपदबाट क्षति भएका सामुदायिक विद्यालय पुनर्निर्माण कार्यक्रम'का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/१०

चालु आ.व.२०८२/०८३ मा यस कार्यालयको प्रदेश सरकार स्रोत तथा संघ सशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'विपदबाट क्षति भएका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार मर्मत सुधार तथा पुनर्निर्माण कार्यक्रम' सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ५ बमोजिमका शर्तहरु पुरा गरेका सामुदायिक विद्यालयहरुले **प्रस्तावित बजेटको कार्यान्वयन योजना (विद्यालयले भौतिक पूर्वाधार मर्मत सुधार तथा पुनर्निर्माण गर्नुपर्ने कार्यक्रम योजना) तथा मूल्याङ्कनका लागि पुष्टि हुने कागजातहरु** सहित कार्यविधिको **अनुसुची-१ को ढाँचामा आवेदन** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/१२/२४ सम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | १. प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयले कार्यविधिको दफा ५ बमोजिम पुरा गर्नु पर्ने शर्तहरु |
|---|---|
| विपदबाट क्षति भएका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार मर्मत सुधार तथा पुनर्निर्माण कार्यक्रम | क. विद्यालयको विपद जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र हुनुपर्नेछ,<br>ख. सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी गरेको मुचुल्का तथा क्षतिको विवरण झल्कने तस्विरहरु हुनुपर्नेछ,<br>ग. सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता गरेको हुनुपर्नेछ,<br>घ. विद्यालयले विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत गर्नुपर्ने मर्मत सुधार अथवा पुनर्निर्माण सम्बन्धी क्रियाकलाप खुलेको प्रस्तावना पेश गर्नुपर्नेछ।<br>**देहाय बमोजिमका सामुदायिक विद्यालयहरुले प्रस्तावना पेश गर्नुपर्नेछ:**<br>• मिति २०८१ असोज ११ र १२ गतेको विपदबाट भएको क्षति सम्बन्धी प्रदेशस्तरबाट भएको द्रुत सर्वेक्षण (Rapid Survey) प्रतिवेदन, २०८१ मा समावेश भएका विद्यालयहरु वा<br>• विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना, २०८२ मा समावेश भएका विद्यालयहरु वा<br>• चालु आ.व.२०८२।०८३ मा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पूर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेका विद्यालयहरु<br>• गत आ.व. २०८१।०८२ मा विपदबाट क्षति भएका विद्यालय पुनर्निर्माण कार्यक्रम अन्तर्गत नपरेको विद्यालयहरु। |
| | **२. प्रस्तावनाका साथ विद्यालयहले पेश गर्नु पर्ने कागजातहरु** |
| | क. विद्यालयले विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत गर्नुपर्ने मर्मत सुधार तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रम खुलेको प्रस्तावना<br>ख. विद्यालयको विपद जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,<br>ग. सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी गरेको मुचुल्का<br>घ. क्षतिको विवरण झल्कने तस्विरहरु,<br>ङ. सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता पत्र,<br>च. चालु आ.व. २०८२।०८३ मा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पूर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेको स्थानीय तहको सिफारिस पत्र तथा विद्यालय व्यवस्थापन समिति गठन भई हालसम्म म्याद कायम रहेको सिफारिस पत्र<br>छ. कार्यविधिको अनुसूची-१ बमोजिमको आवदेन फाराम विद्यालयले अनिवार्य भरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित कागजात<br>ज. चालु आ.व. २०८२।०८३ मा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रीय तथा प्रादेशिक कार्यालयबाट भौतिक पूर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेको भनी सम्बन्धित विद्यालयको स्व:घोषणा पत्र,<br>झ. मूल्याङ्कनका लागि पुष्टि हुने अन्य सम्बद्ध कागजातहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। | |

पुनश्च: सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४७१२३३८१ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।